## सूचना ४

उद्योग मन्त्रालयका सचिव श्री नरसिंहनारायण सिंह हङकङमा हुने एन.पी.ओ. प्रमुखको ३२ सौं कार्यशाला गोष्ठीमा भाग लिन जानु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमाबली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जगदीश्वर उपाध्यायलाई २०४८।१०।६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

यातायात व्यवस्था विभागका महा-निर्देशक श्री श्यामकुमार श्रेष्ठ मिति २०४८।९।२१ देखि ऐ ३० गतेसम्म घरबिदामा बस्नु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो पदमा सोही विभागका उप-महानिर्देशक श्री शिवबहादुर अधिकारीलाई श्री ५ को सरकारले नि.से.नि.को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४८।९।२१ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
गोविन्दप्रसाद रन्जितकार
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४८।९।१२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।